बागमती प्रदेश सरकार

# श्रम, रोजगार तथा यातायात मन्त्रालय

हेटौंडा, नेपाल

## महिलाहरुलाई ढाका बुनाई तालिम सञ्चालन गरी रोजगारीमा जोड्ने (ललितपुर) तालिमकार्यक्रम सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मिति २०८३/०२/१३ गते)

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत १५ जना महिलाहरुलाई १५ दिने निःशुल्क **"महिलाहरुलाई ढाका बुनाई तालिम सञ्चालन गरी रोजगारीमा जोड्ने (ललितपुर)"** कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन भएकोले सो तालिममा सहभागी हुन इच्छुक बागमती प्रदेशमा स्थायी बसोवास भएका महिलाहरूले तपसिल बमोजिमको छनौट आधारमा रहि प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र ललितपुर महानगरपालिका वडा नं २२ को वडा कार्यालयमा वा इमेल: ward22@lmc.gov.np मा आफ्नो नागरिकताको प्रतिलिपी संलग्न गरी निवेदन पठाउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>छनौटका आधारहरू:</u>

१. साधारण लेखपढ गर्न सक्ने बागमती प्रदेश भित्र स्थायी बसोबास भएका महिलाहरु ।
२. न्यूनतम उमेर १८ वर्ष पुरा भएका।
३. प्राप्त आवेदनहरूको आधारमा प्रारम्भिक छनौट।
४. माग भन्दा बढि आवेदन परेमा अन्तर्वार्ता/सूची प्रकाशन।

नोटः

- तालिम सञ्चालन हुने स्थानः ललितपुर महानगरपालिका वडा नं २२।
- तालिम सुरु हुने मितिः आवेदकहरूको छनौट पश्चात् सूचित गरिनेछ।
- सहभागीहरुलाई खाजाको मात्र व्यवस्था गरिएको छ।
- अन्य जानकारीको लागि फोन नं.: ९८४९६३५०६२ (कार्यालय समय भित्र)